म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्ध प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १८१ २०८० जेठ १२ गते शुक्रबार 26 May 2023, Friday - पृष्ठ ८ मूल्य रू. ५/-

गणतन्त्रका उपलब्धीहरू
- संघीयताको अभ्यासमार्फत संघ, प्रदेश र स्थानीय तहमा शक्ति बाँडफाँड,
- विधिको शासनको व्यवस्था,
- अधिकार सम्पन्न स्थानीय तह,
- जनअनुमोदित प्रतिनिधिबाट शासन संचालन
- अभिव्यक्ति स्वतन्त्रताको रक्षा,

यी उपलब्धीहरुको रक्षा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

महिला फुटबलमा काठमाडौंलाई उपाधि

उपाधिसाथ महिला फुटबल टिम ।

समाज संवाददाता

हेटौंडाः काठमाडौंले दोस्रो बागमती प्रदेश खेलकुदअन्तर्गत महिला फुटबलको उपाधि जितेको छ । बिहिबार गौरीटार रंगशालामा भएको फाइनलमा काठमाडौंले सिन्धुलीलाई २-० गोलअन्तरले पराजित गरेको हो । काठमाडौंले पहिलो र दोश्रो हाफमा समान १-१ गोल ग-यो । विजयी टिमका लागि सुजिता घलानले १० औं मिनेटमा गोल गर्दै काठमाडौंलाई अग्रता दिलाएकी थिइन् । काठमाडौंका लागि दोश्रो गोल मनीषा थापा मगरले ५८ औं मिनेटमा गोल गरिन् ।

काठमाडौंकी सरिता ऐर दुई व्यक्तिगत विधामा पुरस्कृत भइन् । सरिताप्रतियोगिताकै उत्कृष्ट खेलाडी र उत्कृष्ट फरवार्ड घोषित भइन् । अन्य व्यक्तिगततर्फ गोलरक्षकमा काठमाडौंकी झरना नगरकोटी, डिफेन्समा सिन्धुलीकी सन्जिता मगर तथा प्रशिक्षकमा काठमाडौंका देवेन्द्रजंग शाही उत्कृष्ट चुनिए ।

प्रतियोगिताअवधिभर ४ गोल गरेकी काठमाडौंकी मनीषा थापा मगर सर्वाधिक गोलकर्ताको सूचीमा शीर्ष स्थानमा रहिन् । विजेतालाई सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशकी मन्त्री कुमारी मुक्तान, बागमती प्रदेश सभा सदस्य स्वरुपा भुजेल, प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशका सदस्य-सचिव सूर्यलाल भण्डारी, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशका सचिव रामकृष्ण पुडासैनी, प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशका कार्यालय प्रमुख देवनारायण चौधरी लगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । प्रतियोगितामा ९ टिमले नकआउट आधारमा प्रतिस्पर्धा गरेको प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशकी सदस्य एवम् महिला फुटबलकी संयोजक कल्पना शर्माले जनाएकी छन् ।

भलिबलमा काठमाडौं र चितवनलाई स्वर्ण

समाज संवाददाता

हेटौंडाः काठमाडौं र चितवनले जारी दोस्रो बागमती प्रदेश खेलकुदमा भलिबल प्रतियोगितामा स्वर्ण जितेका छन् । हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा बिहिबार भएको खेलमा काठमाडौंले महिलामा र चितवनले पुरुषमा स्वर्ण पदक जितेको हो । काठमाडौंले फाइनलमा दोलखालाई २५-५, २५-६ र २५-१२ ले हरायो । चितवनले भने फाइनलमा धादिङमाथि २५-१७, २२-२५, २८-२६ र २५-१८ को जित निकाल्दै पुरुषतर्फ स्वर्ण जित्यो । तेस्रो स्थानका लागि भएको प्रतिस्पर्धा भने बेस्ट अफ थ्रीमा भएको थियो । पुरुषमा काठमाडौंले सिन्धुलीलाई २-१ ले र महिलामा चितवनले धादिङलाई २-० ले हराउँदै कांस्य पदक प्राप्त ग-यो ।

प्रतियोगितामा पुरुषतर्फ चितवनका नवीन महतो र महिलामा काठमाडौंकी सलिना बुढा मगर उत्कृष्ट खेलाडी भए । पुरुषमा चितवनका रमेशचन्द्र विक उत्कृष्ट प्रशिक्षक चयन हुँदा विधागत उत्कृष्ट अन्तर्गत स्पाइकरमा मनोज श्रेष्ठ, सेटरमा चितवनका मञ्जिल गुरुङ, ब्लकरमा चितवनकै सुरेश महतो, लिबेरोमा चितवनका समीर थापा, सर्भरमा धादिङका अमन आले उत्कृष्ट घोषित भए । महिलामा भने काठमाडौंका कुमार राई उत्कृष्ट प्रशिक्षक चयन भए ।

महिलाको विधागत उत्कृष्टअन्तर्गत स्पाइकरमा चितवनकी आरती सुवेदी, सेटरमा काठमाडौंका भावना तामाङ, ब्लकरमा काठमाडौंकी सुमित्रा रेग्मी, लिबेरोमा काठमाडौंकी एन्जिला प्रधान र सर्भरमा काठमाडौंकी निसा महर उत्कृष्ट भए । विजेता खेलाडीलाई प्रदेश खेलकुद विकास परिषद् बागमतीका सदस्य-सचिव सूर्यलाल भण्डारीले पुरस्कृत गरे ।

जुडोमा ललितपुर अब्बल

हेटौंडाः दोश्रो बागमती प्रदेश खेलकुदको जुडोमा ललितपुर टिम च्याम्पियन बनेको छ । काठमाडौंको खुशीबुँस्थित बहुद्देश्यीय मार्सल आर्ट केन्द्रमा भएको प्रतियोगितामा ललितपुर ४ स्वर्ण, ३ रजत र २ कांस्यसाथ समग्रमा टिम च्याम्पियन बन्यो ।

काभ्रे ३ स्वर्ण, १ रजत र १ कांस्यसाथ दोश्रो भयो । २ स्वर्ण, १ रजत र १ कांस्यसहित नुवाकोट तेश्रोमा सीमित भयो । पुरुष/महिलामा समान ७/७ गरी १४ स्वर्णका लागि प्रतिस्पर्धा भएकोमा मकवानपुरले २ तथा रामेछाप, सिन्धुपाल्चोक र काठमाडौंले १-१ स्वर्ण जिते । प्रतियोगिताको पुरुषमा काभ्रेका प्रवीणकुमार दियाली तथा महिलामा नुवाकोटकी अन्जु पाण्डे उत्कृष्ट खेलाडी घोषित भए ।

...बाँकी पृष्ठ ४ मा

Hetauda School of Management and Social Sciences

"कडा अनुशासन, स्तरीय शिक्षा"

CONGRATULATIONS!
RACHIN KALAKHETI
on your well-deserved success!

Let's honour and celebrate the incredible achievement of our former student Mr Rachin Kalakheti who completed 10+2 (Science Stream) from HSM in 2077. Mr Kalakheti, currently studying at Standford University, USA on a full scholarship, has received an **Rs. 32.5 Crore ($2.5 Million) investment** for his Blockchain startup named CEDRO FINANCE.

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

रसायनयुक्त फलफूल

फलफूल स्वास्थ्यका लागि लाभदायक मानिन्छ । मावन जीवनप्रक्रियाका लागि आवश्यक पर्ने विभिन्न प्रकारका पौष्टिक तत्वहरु फलफूलमा पाइन्छन् । खाँदा मिठो हुने र फाइदा पनि गर्ने भएकाले अधिकांश मानिसहरु फलफूल खाने गर्दछन् । अधिकांश फलफूल कुनै निश्चित सिजनमा उत्पादन हुने गर्दछ । तर, बजारमा बेमौसमी फलफूल पनि उत्तिकै पाइन्छन् । बेमौसमी फलफूल स्वास्थ्यक मानिँदैन । सिजनभन्दा अगाडि नै बजारमा आउने अधिकांश फलफूलमा विषादीको प्रयोग हुने गरेको आरोप लाग्ने गरेको छ । हुन पनि सिजन अगावै पकाएर फलफूल बिक्री गर्न रसायन वा विषादीको प्रयोग गर्नैपर्छ । यस्ता रसायनहरु प्रायः मानव स्वास्थ्यका लागि हानिकारक नै हुने गर्दछ । बेमौसममा पाइने फलफूलमा मात्र नभई मौसमी फलफूलमै पनि रसायनको प्रयोग हुने गरेको पाइएको छ । फलफूललाई चाँडै पकाउन र आकर्षक देखाउन रसायनको प्रयोग हुने गरेको छ । केरा, स्याउ, अंगुर, मेवा, आँपलगायत फलफूलमा हानिकारक रसायनको प्रयोग बढी हुने गरेको पाइन्छ । मानव स्वास्थ्यका लागि हानिकारक भए पनि नियमनकारी निकायको बेवास्ता र उपभोक्ताको अज्ञानताको फाइदा उठाएर कतिपय व्यवसायीले हानिकारक रसायनको प्रयोग गर्दै आएका छन् ।

जेठ महिनाको सुरुवातसँगै बजार आँपको बिक्री बढेको छ । बजारका फलफूल बिक्री गर्ने पसल तथा ठेलागाडा रसायनयुक्त आँपले भरिभराउ देखिन थालेका छन् । तराई-मधेस क्षेत्रमा असारदेखि पाक्ने आँप वैशाखबाटै विषादी प्रयोग गरेर पकाउँदै बिक्री वितरण भइरहेको छ । आँपलाई फलहरुको राजा भन्ने गरिन्छ । सिजनमा आँपको व्यापार पनि राम्रो हुने गरेको छ । तर, अफ सिजनमै हानिकारक रसायन प्रयोग गरिएका आँप बजारमा बिक्री वितरण भइरहँदा नियमनकारी निकाय भने बेखबरजस्तै बनिरहेको छ । उपभोक्ता सचेत नहुँदा आँपका माध्यमबाट बिक्रेताले मन्द विष व्यापार गरिरहेका छन्, जसले उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर गरिरहेको छ । आँपमात्रै होइन, धेरैजसो फलफूलमा रसायन प्रयोग गरी पकाउने गरिएको तथ्य जगजाहेर भए पनि प्रभावकारी बजार अनुगमन र कारबाही नहुँदा उपभोक्ताको स्वास्थ्यमा खेलबाड भइरहेको छ ।

बजारमा विषादी प्रयोग नगरेका फलफूल र तरकारी पाउन मुस्किल बनिरहेको छ । नियमनकारी निकाय र उपभोक्ताले ध्यान नदिँदा स्वस्थकर अमृतसरह फलफूल हानिकारक रसायनको प्रयोगले दिनदिनै विष बन्दै गएका छन् । व्यापारीहरुले आर्थिक लाभकै लागि काँचो आँप तथा अन्य फलफूलमा क्याल्सियम कार्बाइडजस्ता रसायन प्रयोग गरेर बजारमा बिक्री गर्छन् । क्याल्सियम कार्बाइडको प्रयोगले श्वासनली, घाँटी, आँखा, छालामा नकारात्मक प्रभाव पार्नुका साथै मस्तिष्कमा अक्सिजनको मात्रामा कमी भई टाउको दुख्ने, आँखा धमिलो देख्ने, रिंगटा लाग्ने, बोली लरबराउने, श्वास फेर्न समस्या हुने, पेट दुख्ने, बान्ता हुने, पखाला लाग्ने, फोक्सो, मुटु, मृगौलामा समेत घातक असर गर्ने चिकित्सकहरु बताउँछन् । यतिमात्रै होइन, मन्द विषयुक्त फलफूलले गर्भवती महिलाको गर्भ तुहिने र अर्बुद रोगसमेत हुने सम्भावना रहन्छ ।

फलफूलमा एकैनाशको तर फरक-फरक आकर्षक रङ देखियो, टल्कियो, कालो थोप्ला, कुनै भाग गलेको, कुनै भाग साह्रो भएको, बाहिर पहेँलो तर भित्र काँचो भएको, स्वाद खल्लो, मधुरो वा बिग्रेको तथा छाम्दा रस नभरिएजस्तो भेटिए कार्वाइड हालेर पकाएको हुनसक्छ । घरमा राखेको २/३ दिनपछि फलफूलको बोक्रामा कालो धब्बा देखिएमा रसायनद्वारा पकाइएको थाहा हुन्छ । फलफूल खानुअघि सफा पानीले राम्ररी धोएर पानीमा भिजाएर राख्नुपर्छ । यसो गर्दा बोक्राको रसायन सफा पानीले पखालिन्छ । कम्तीमा ८ घण्टा पानीमा भिजाएमात्र रसायन हराउन सक्छ । सरकारी नियमनकारी निकायले यस्ता मन्दविष हालेर पकाइएको फलफूल बिक्री गर्न रोक लगाउनुपर्ने भएपनि त्यसतर्फ खासै चासो देखाएको पाइँदैन । रसायनयुक्त फलफूल उपभोगप्रति उपभोक्ता नै जागरुक र सचेत बन्नु आवश्यक छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	फापरबारी इलाका	६२१९८०
जिल्ला प्रहरी कन्ट्रोल	१००	चित्लाङ इलाका	६२१०००
ट्राफिक प्रहरी	१०३	वारुण यन्त्र	१०१
वडा प्रहरी	५२०२९९	बालबालिका खोजतलास केन्द्र	१०४
पशुपतिनगर इलाका	५२०५९८	बाल हेल्पलाइन	१०९८
मनहरी इलाका	९८५५०९०१६१	हेलो सरकार	११११
भीमफेदी इलाका	६९१४६२	नेपाल टेलिकम सोधपुछ	१९७
पालुङ इलाका	६२०४६७		

तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : पढाइ–लेखाइका कामहरुमा मन जाने समय छ ।
वृष : परिबन्धमा धन व्यय हुने समय योग छ ।
मिथुन : परोपकारका काममा समय व्यतित होला ।
कर्कट : पढाइ–लेखाइका कामहरु मध्यमकारक होलान् ।
सिंह : अध्ययन–अध्यापनमा सफलता प्राप्त हुनेछ ।
कन्या : धार्मिक र सामाजिक काममा सरिक भइनेछ ।
तुला : पढाइ–लेखाइ मध्यमकारक रहेको देखिन्छ ।
वृश्चिक : परोपकार र धार्मिक कृत्यमा समय व्यतित होला ।
धनु : कमी कमजोरीप्रति प्रायश्चित्त गर्नुपर्ने योग छ ।
मकर : सामाजिक र धार्मिक काममा सरिक भइने समय छ ।
कुम्भ : राम रमाइलोमा समय व्यतित हुने समय योग छ ।
मीन : नसोचेको क्षेत्रबाट मान सामान प्राप्त हुने समय छ ।

नेपालबाट ढुंगा, गिट्टी, बालुवा किन्न इच्छुक भारत किन आफ्नो पहाड फुटाउँदैन ?

श्रवण शर्मा

नेपाल सरकारको नीति तथा कार्यक्रम २०८० ले पुनः चुरेको व्यापार गर्ने कुरा घुमाउरो तरिकाले ल्याएको छ। पूर्वतिर यस्तो घुमाउरो तरिकाले कुनै कुरा भन्नुलाई पाल्सी कुरा भनिन्छ। र, के भनिन्छ भने पाल्सी कुरा गरेर मान्छेलाई उल्लु नबनाउ। त्यता त व्यक्तिले व्यक्तिसँग कहिलेकाहीं पाल्सी कुरा गर्ने हुन्। पाल्सी कुराले सुन्ने मान्छेलाई ढाँट्छ, झुक्याउँछ र भ्रममा पार्छ।

हालैको नीति कार्यक्रम मार्फत सरकार नै देश र नागरिकसँग पाल्सी कुरा गर्दैछ। र, सम्माननीय राष्ट्रपतिज्यू पनि पाल्सी कुरा नै खुशीसाथ पढ्दै हुनुहुन्छ।

नीति तथा कार्यक्रम संसदमा पढ्नु एकदिन अघि नै राष्ट्रपतिको टेबुलमा पुग्छ होला। त्यहाँ उहाँ स्वयं र उहाँका अन्य विद्वत् सारथिहरूले पनि पढ्छन् होला। उनीहरुलाई हेक्का पनि हुनुपर्ने हो, २०७८ मा सम्मानित सर्वोच्च अदालतले चुरे व्यापार रोक्ने परमादेश दिएको थियो। यस अर्थमा कि, नेपालको कुनै एक औपचारिक राज्य संयन्त्रको निर्णय अर्को औपचारिक निकायलाई थाहा नै हुँदैन, हँ ? नेपाल राज्यले संस्थागत स्मरण शक्ति पूर्णतः गुमाएको हो ? नत्र राष्ट्रपतिले चुरे व्यापार सर्वोच्च अदालतले वञ्चित गरेको नेपाल सरकारलाई अवगत गराउन सक्नुपर्ने हो। स्वयं नेपाल सरकारले पनि सर्वोच्च अदालतको चुरे सम्बन्धी फैसला सुनेको हुनुपर्ने हो। यसअघि २३ जेठ २०७८ मा 'सरकार चुरे बालुवा गिट्टीको थुप्रो मात्र होइन' र ३० जेठ २०७८ मा 'के नेपाल सरकार चुरेमा विरप्पन जन्माउन खोज्दैछ ?' भन्ने शीर्षकमा मेरा दुई लेख अनलाइनखबरले प्रकाशित गरेको थियो। लेखले चुरेको प्राकृतिक महत्व जैविक विशेषता र कार्बन संचिति योगदानका विषयमा बृहत् प्रकाश पारेको थियो।

तत्कालीन सरकारले २०७८ को बजेट वक्तव्यमा चुरेको व्यापार गरी देशले भोगिरहेको व्यापार घाटा कम गर्ने प्रस्ताव गरेको थियो। सो विरुद्धमा परेको रिट निवेदनमा सर्वोच्च अदालतले चुरेको व्यापार नगर्न सरकारका नाममा परमादेश जारी गरेको हो। चुरेको पर्यावरणीय महत्वका विषयमा सर्वोच्च अदालतले 'सरकारले गिट्टी ढुंगा बेच्ने होइन चुरे संरक्षण गर्नुपर्छ' भन्ने निर्णय दिएको थियो।

चुरे किन मास्नुहुँदैन ?

हिमाल र तराईलाई छुट्याउने प्राकृतिक सीमा रेखा हो चुरे। यसले जैविक विविधताका यावत् अन्तरलाई प्रश्रय दिएको छ। चुरे तराईको जीवन हो। चुरे विनाको नेपालको तराई वा मधेश शून्य हुन्छ, मृत हुन जान्छ। मधेशमा मानव बसोबासका लागि चुरेले प्रदान गरेका वातावरणीय संयोग प्राथमिक शर्त भएको छ। चुरेका डाँडामा रहेको जंगलबाट आउने चिसो हावाले नै तराईको तापक्रम मान्छे बस्न सकिने भएको हो। अन्यथा मधेशमा मानव बसोबास धेरै कठिन हुन पुग्छ।

सरकार एकातिर हिमालय संरक्षणको अभियान चलाउने भन्छ। हिमाल संरक्षण भनेको के हो ? नेपालका हिमालहरुको पैताला हो चुरे। चुरेमा उभिएका छन् हिमालहरु। हाँसेका हिमालले निःसृत गरेको चिसोले तराईको तापक्रममा चिसो मिसिएको हो। प्रकृतिले अनुपम नमूनाहरु बनाएको छ। हजारौं प्रजातिका रुख, घाँस, बुट्यान, खतराजन्य जंगली जनावर, लाखौं सूक्ष्म जीव, आश्चर्यजनक मौद्रिक मूल्य भएका वनस्पतिहरु छन् चुरेमा। चुरेले दक्षिणतिरबाट आउने तातो हावालाई उत्तरतिर जान रोक्छ। चुरे नहुँदो हो त हिमाल हुने थिएन न हिउँ हुन सक्थ्यो।

यस्तै हिमाल हुँदैनथ्यो वा हिमालयमा हिउँ हुँदैनथ्यो भने तराई भएर बग्ने भीमकाय नदी हुँदैनथे। नदी हुँदैनथे भने पानी हुँदैनथ्यो। तराई वा मधेशमा पाइने जमीनमुनिको पानीको स्रोत पनि हिमालय र हिमालबाट बग्ने नदीहरु नै हुन्। चुरे आफैं पनि प्राकृतिक पानीको ठूलो स्रोत हो। तराईमा पानीको आपूर्ति चुरेले नै गरिरहेको छ। भारतमा पनि चुरे पहाडहरु छन्। भारतीय सरकार, वैज्ञानिक र समाज त्यहाँको चुरे संरक्षणका सैद्धान्तिक अवधारणा कार्यान्वयन गरिरहेका छन्। भारत, उत्तराखण्डको पहाड फोडेर अरु प्रदेशमा गिट्टी निकासी गर्न चाहिरहेको छैन।

उसलाई मानव सभ्यताको निरन्तरताको चिन्ता छ। राजनीति आज नेता भएकाहरुको उमेरसम्म मात्र हो भन्ने विध्वंसकारी मनोविज्ञान त्यहाँ बनेको छैन। त्यसकारण नेपालमा जस्तो विस्मयकारी योजनाहरु त्यहाँ ल्याइँदैन। दिल्ली वा हरियाणामा बालेको परालको धुवाँ र धुलो नेपालसम्म आउन थालेको छ। सयौं वर्ष अघिदेखि नै त्यहाँ पराल र गहुँको छ्वाली बालिने गरिन्थ्यो। नेपालका पुराना मानिसहरुलाई सोध्यो भने त्यहाँको धुवाँ यहाँ आएको थाहा थिएन भन्छन्। उसो भए, अहिले किन आउँछ त हरियाणाको धुवाँ र धुलो नेपालको मधेशसम्म र कहिलेकाहीं काठमाडौंसम्म नै ?

किनकि त्यसबेला नेपालको जंगलले धुवाँ र धुलो अवशोषण गर्दथ्यो। हाल जंगल मासियो धुवाँ र धुलो अवशोषण गर्ने रुख भएनन्। त्यसकारण हरियाणा र पंजाबको धुवाँ र धुलो पश्चिमी मधेशको ठूलो समस्या बन्न पुग्यो। चुरे र तराईको जंगलले धुवाँ अवशोषण गरेको थियो। तराईमा जंगल धेरै पहिले मासियो, अब चुरे मास्न खोजिंदैछ। मधेशको दक्षिणतिरबाट आउने शीतलहरकै समयमा उत्तरतिरबाट पनि असाध्य चिसो स्याँठ आउने हो भने जाडोयाम खासगरी शीतलहरको याममा मधेश बस्न नसकिने हुन्छ। चुरेको डाँडामा भएको वनले उत्तरतिरबाट आउने चिसो स्याँठ रोक्ने काम गर्दछ। त्यसैगरी गर्मी मौसममा भारतमा उत्पन्न हुने तातो हावा (हिटवेभ) का कारण मधेशको गर्मी थाम्न नसकिने हुन्थ्यो र धन्य चुरे छ जसबाट आउने हावाले दक्षिणबाट आउने हिटवेभलाई चिस्याउँछ।

नेपाल सरकारले अघि सारेको योजना अन्तर्गत जीटीजेड, संयुक्त राष्ट्र अमेरिका सहयोग कोष, विश्व बैंक लगायत संस्थाहरूले चुरे जंगल विकासमा करोडौं रुपैयाँ लगानी गरेका छन्। यी लगानीको तात्पर्य चुरे पर्वत शृंखलामा रहेका जैविक, प्राकृतिक वनको संरक्षण र सम्वर्द्धन गर्नु रहेको छ। यदि चुरेको गिट्टी ढुंगा निकासी गर्ने हो भने यी विकास परियोजनाको भविष्य के हुने हो ?

फेरि लाखौं मानिसको जीविकोपार्जनको स्रोत हो चुरे। भृकुटी कागज कारखाना चुरेमा प्राप्त बाबियोबाट कागज बनाउँथ्यो। झापा, मोरङ र सुनसरीका किसानले जुटबाट जीविकोपार्जन गरे जसरी नै चुरे फेदीका मानिसहरु बाबियो बेच्ने गर्दथे। यस्तै चुरेमा संसारको अन्य कुनै ठाउँमा नपाइने सोलिड बेम्बु अर्थात् खोक्रो नहुने वा भित्र प्वाल नभएको बाँस पाइन्थ्यो। हालसम्म पनि यस प्रजातिको बाँस चुरेमा रहेको मानिन्छ। तर त्यो विलुप्त हुने अवस्थामा पुगिसकेको छ। सोलिड बेम्बु निर्माणमा काम लगाइन्थ्यो। विचार गरौं, निर्माणमा यो बाँस प्रयोग गर्ने हो भने फलामको टेको विस्थापित हुन जान्छ। यसबाट वार्षिक ठूलो रकम बच्न सक्छ। सोलिड भएका कारण यो बाँस बलियो र लामो समय टिक्ने खालको हुन्छ।

प्रश्न लामो समयको फाइदा हेर्ने हो वा छोटो समयका लागि फाइदा हेर्ने ? चुरे दोहन गर्ने नीति तथा कार्यक्रम संसदमा पेश गरिएको छ र यो लेख लेखिरहेको समयमा त्यहाँ नीति तथा कार्यक्रममाथि बहस जारी छ। खुशीको कुरा के छ भने यस संसदमा पहिलो पटक चुनिएका युवा सांसदहरुको बाक्लै उपस्थिति छ। राष्ट्रिय स्वतन्त्र पार्टीका प्रायः सबै सांसदहरु ४० वर्ष मुनिका होलान्। नेपाली कांग्रेस, एमाले र माओवादी दलमा पनि युवा सांसदहरु त अवश्य छन्। उनीहरु यो देश, राज्य यहाँको प्राकृतिक र पर्यावरणीय जीवनचक्र, इकोलोजीलाई कसरी बुझ्छन् ? स्वर्णिम वाग्ले, ज्ञानेन्द्र शाही, सोविता गौतम, तोसिमा कार्की, गगन थापा, प्रदीप पौडेल, महेश बर्तौला र अमरेशकुमार सिंह जस्ता युवा सांसदहरूको दृष्टिकोण र वृद्ध नेताहरूको विकास दृष्टिकोणमा फरक नहुने हो भने उनीहरूलाई किन युवा भन्ने ?

नेपालीको भविष्यको जिम्मा किन उनका हातमा सुम्पने ? जबकि उनीहरु स्वयंसँग बाँकी लामो जीवन छ। तर केही वर्ष आयु भएका नेताहरुकै पदचाप पछ्याउँछन् भने उनीहरुको युवकत्वको कुनै अर्थ रह्यो र ? चुरेको प्राकृतिक स्वरुप बचाएर आउने पुस्ताका लागि पनि पर्यावरणीय सम्पत्ति जोगाइदिने वा आजै सर्वनाश गर्ने, यी सांसदहरुलाई हामीले सोध्नुपर्ने प्रमुख प्रश्न हो, यो। नेपाली नागरिक हामी सबैले पनि एउटा सारभूत प्रश्नको जवाफ खोज्नुपर्छ। शेरबहादुर देउवा, खड्गप्रसाद ओली र पुष्पकमल दाहालहरुको सेखपछि पनि नेपाली मानिस बाँच्छन्, बाँच्दैनन् ?

नेपाली सभ्यता उनीहरुको मृत्युपछि पनि कायम रहन्छ, रहन्न ? त्यसपछि पनि नेपाली नागरिकहरुका सन्तान पैदा हुन्छन्, हुँदैनन् ? के नेपाल उल्लिखित नेताको आयु पछाडि सकिने हो ? समाज वा यो मानव सभ्यता त्यसबेलासम्म मात्र जीवित रहने हो जुन दिनसम्म आजको तथाकथित नेतृत्व जीवित रहन्छ ? यदि रहन्छ भने यी प्राकृतिक अवयवहरु त्यसपछिको पुस्ताले पनि भोग्न, प्रयोग गर्न र त्यसबाट फाइदा लिन पाउनुपर्छ कि पर्दैन ?

कुनै निश्चित स्थानको चुरे दोहन गर्ने भन्ने सरकारी भनाइ हुन सक्छ। निश्चित स्थानको चुरे दोहन हो भने त्यसले पार्ने प्रभावलाई पनि हेर्नुपर्छ। मानिलिऊँ सिन्धुलीको चुरे उत्खनन गर्ने हो भने कैलाली जिल्लाले पनि उत्खननको माग गर्छ नै। यसपछि झापाको चुलाचुली, सुनसरीको भेडेटार, सिरहा र उदयपुर, दाङ, सप्तरी, बाँके, बर्दिया, मोरङ, रौतहट लगायत तराई मधेशका सबै जिल्लाले चुरे दोहन सुरु गर्नेछन्।

नेपाल सरकारले रोक्ने क्षमता राख्दै-राख्दैन। पैसामा बिक्री हुने नेता, सरकार र प्रशासन भएको यो देशमा एक ठाउँको चुरे खोतल्न सुरु गरिएपछिको कहालीलाग्दो तस्वीर मेरा मानसपटलमा अहिल्यै फनफनी घुमेको कारण यो लेख लेखेको हुँ। नेपाली नागरिकलाई भुटानी शरणार्थीको कागजपत्र बनाई अमेरिका निकासी गर्ने जस्तो हर्कत गर्न सक्ने नेपाली राजनीतिका नेता, कार्यकर्ता, मन्त्री, सचिव र सरकारी सल्लाहकारहरु भएको यो देशमा चुरे उत्खनन गर्न दिने हो भने त्यसबाट प्राप्त हुने पैसाका लागि अस्तित्वमा रहेका यी राजनीतिक दलहरूका केन्द्रीय कार्यालय नै सिन्धुलीमा खोलिने छन्। त्यहाँको व्यापारबाट आउने पैसाले हुलाकको पियनदेखि राष्ट्रपतिसम्म किन्न सक्नेछ। सरकार गिट्टी व्यापारीहरुको लियाजो अफिसर जस्तो हुनेछ त्यसबेला।

समुद्रमुनिको एउटा सानो बिरुवा लोप भएकोमा, पेन्गुइन बसाइ सर्न छाडेकोमा, बच्चा पाउन ह्वेल यात्रा गर्न छाडेकोमा संसारका वैज्ञानिकहरु चिन्तित हुँदैछन्। जमिनको एउटा सानो टुक्रोमाथि पर्यावरणीय दृष्टिले अनुचित ठहर्ने काम गर्नुहुँदैन भन्ने मानव सभ्यताको चरणमा नयाँ मान्यता बलशाली भइरहेको छ। यस्तो बेलामा नेपाल सरकार सिंगो पहाड क्षत-विक्षत पार्न घुमाउरो तरिकाले नीति ल्याउँदैछ। हामी यस धर्तीका अन्तिम पुस्ता हौं भने जस्तो सरकारी सोच हो भने, सगरमाथा नै लिजमा दिए पनि हुन्छ, नदीहरु सबै बेचे पनि हुन्छ र नेपाल नै कसैलाई रजिष्ट्रेसन गरिदिए पनि भयो। होइन, नेपाल निरन्तर रहन्छ, नेपाली जाति नेपालमा निरन्तर बाँचिरहन्छन्, बाँच्न पाउनुपर्छ भन्ने हो भने सोही अनुकूल निर्णय लिनुपर्छ। त्यसो भन्नुको तात्पर्य पर्यावरणीय सन्तुलन खलल पार्नुहुँदैन भन्नु हो। मानव स्वास्थ्य, समृद्धि वा विकासको प्राथमिक आधार पृथ्वी हो, जहाँ हामी बसेका छौं। हाम्रो चेतना, चिन्तन, दृष्टिकोण, संस्कार, सभ्यता, भाषा र जीविकोपार्जनका आधार पृथ्वीमा उपलब्ध तत्वहरुबाट बनेका हुन्। प्रत्येक जीव वा निर्जीव चिजको मान्छेसँग गहिरो अन्तरसम्बन्ध छ। पृथ्वीको रचना र मानवको जैविक र मनोवैज्ञानिक संरचना अन्योन्याश्रित सम्बन्धहरुबाट निर्देशित रहेको छ। धर्म, आधुनिक विकास अर्थशास्त्र, संस्कृति, आधुनिक राजनीति र मानव अभिलाषा पनि प्रकृतिमाथिको हस्तक्षेप होइन।

सीमित राजनीतिक व्यक्तित्वहरुको मौद्रिक लाभको महत्वाकांक्षाका कारण धर्तीको स्वास्थ्य बिगार्नु भनेको आउने कैयौं पुस्ताको जीवन दुखद, पीडाजन्य बनाइदिनु हो। यसो गर्ने हिटलरी अधिकार निर्वाचित सरकारलाई हुँदैन। यो धर्ती ट्रष्ट याने गुठी हो, यो सरकार र हामी नागरिकहरु यस गुठीका ट्रष्टी अर्थात् गुठियार हौं, गुठियारलाई गुठी मास्ने अधिकार हुँदैन, संरक्षण गर्ने दायित्व मात्रै हुन्छ। नीति तथा कार्यक्रमको ४२औं बुँदामा ढुंगागिट्टी र बालुवा बेच्नका लागि आवश्यक कानुनी प्रक्रिया पूरा गरिनेछ भनिएको छ। सोही बुँदामा यस्ता पदार्थहरु निकालिने र चुरेको संरक्षण पनि गरिनेछ भनिएको छ। नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाउन पनि कानुनी प्रक्रिया मिलाउन थालिएको थियो। त्यसकारण चुरे बेच्ने कानुनी प्रक्रिया बन्नै रोकिनुपर्छ।

मधेशका युवाहरुले तथाकथित विकासको जुनून त्याग्दै आफ्नो जीवन आफ्ना सन्ततिको जीवन र मधेशको पर्यावरणीय चक्रीय जीवन सुरक्षित गर्ने मुद्दा उठाउनुपर्छ। कुनै एक ठाउँको चुरे दोहन सुरु गरियो भने पूर्वदेखि पश्चिमसम्म पूरै चुरे समाप्त हुन १० वर्ष पनि लाग्ने छैन। जब चुरे समाप्त हुनेछ त्यसपछि, मधेश मानिस बस्नका लागि उपयुक्त हुने छैन। यो कुनै भावुक कुरा होइन विज्ञानले संपुष्टि गरेको विषय हो। भाग्य वा दुर्भाग्यवश आजका दिनमा चिनियाँ नेता माओका अनुयायी नेपाल देशको प्रधानमन्त्री हुनुहुन्छ। स्वयं माओको देशले सन् २०३५ सम्म कतिपय संरक्षण क्षेत्रमा मानव प्रवेश निषेधित गर्दै जाने नीति लिएको छ। संरक्षण क्षेत्रका कतिपय वनस्पतीय प्रजातिहरुले मानवको बाक्लो संसर्ग नरुचाएको पाइएकाले यस्तो नीति लिइएको हुन सक्छ। नेपालमा माओका अनुयायी प्रधानमन्त्री जसको दलको नाम नै माओवादी छ, नीति कार्यक्रमको बुँदा ४५

...बाँकी पृष्ठ ३ मा

बजेटमा प्रदेशसभा सदस्यको सुझाव

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ का लागि ल्याएको प्रिबजेटमाथि छलफल भइरहेको छ । मंगलबार प्रस्तुत भएको प्रिबजेटमाथि बुधबारबाट छलफल सुरु भएको हो ।

बैठकको दोस्रो दिन बिहीबार विभिन्न प्रदेशसभा सदस्यहरुले बजेटमा समावेश गराउनुपर्ने माग राखेका छन् । बैठकमा सदस्यहरुले कृषिलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका हुन् ।

बैठकमा प्रदेशसभा सदस्य राजु विष्टले प्रदेश सरकारले बजेट निर्माण गर्दा प्रहदेशको १३ वटै जिल्लामा उद्योग कलकार खानाको स्थापन गरी युवालाई स्वोरोजगार बनाउन लाग्नुपर्ने माग राख्नुभएको छ । किसानले आफूले उत्पादन गरेको वस्तुको मूल्य नपाएको अवस्थामा बाहिरबाट आयात घटाउनुपर्ने बताउँदै कृषि क्षेत्रमा बाँदर, बँदेलजस्ता जंगली जनावरबाट हुने क्षति न्यूनीकरणमा सरकारको ध्यान जानुपर्नेमा जोड दिनुभयो ।

बैठकमा प्रदेशसभा सदस्य भावना श्रेष्ठले प्रदेश सरकारले स्थानीय, सामुदायिक र निजी क्षेत्रको अर्थ नीति एकीकृत गरी वित्तीय अवस्थालाई अनुशासनमा राख्नुपर्नेमा जोड दिनुभयो । बैठकमा एक सदस्यले नेपालको मदिरालाई विस्थापित नगरी ब्राण्डिङ गरेर करको दायरामा ल्याउन आवश्यक रहेको बताउनुभएको थियो ।

यस्तै, बैठकमा प्रदेशसभा सदस्य शैलेन्द्रराज बज्राचार्यले योजना निर्माण गर्दा आफ्नो कार्यकाल मात्र नभई १० औं वर्षसम्म कार्यान्वयन हुने बजेट ल्याउन आवश्यक रहेकोमा जोड दिनुभयो । 'नेपाली रक्सीले रोग निम्त्याएको छैन, चिनीले रोग निम्त्याउँछ, बरु चिनी उत्पादन बन्द गर्नु पर्छ, रक्सी बन्द गर्नुहुँदैन', उहाँले भन्नुभयो । बैठकमा प्रदेशसभा सदस्य श्री सापकोटाले बाँझो जग्गालाई कृषिमा जोड्न आवश्यक रहेको बताउँदै प्रमाणपत्र तह, स्नातक तहपछि विद्यार्थीलाई २ वर्ष कृषि क्षेत्रमा काम गर्नुपर्ने नीति ल्याउनुपर्नेमा जोड दिनुभयो । उहाँले जंगली जनावरको आक्रमणबाट मानिसको मृत्यु हुने गरेकोमा संरक्षणको नीति निर्माण गर्न आवश्यक रहेको बताउनुभयो ।

प्रदेशसभा सदस्य डम्बर तामाङले प्रदेश सरकार केन्द्रको आधारमा चलेकाले बजेट विनियोजनमा प्रदेश सरकारले केन्द्रीय आदेशभन्दा पनि स्थानीय आवश्यकताको आधारमा बजेट विनियोजन हुनुपर्नेमा जोड दिनुभयो । अर्को सदस्य सन्चा ढकालले बागमती प्रदेश सरकारको बजेटमा महिलामुखी रोजगारीको सिर्जना गर्न आवश्यक रहेको बताउनुभयो । कृषकले मूल्य नपाएको अवस्थामा कृषकलाई बिचौलियाबाट टाढा राख्न आवश्यक रहेको बताउँदै मजदुरलाई राहतको कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो । सरकारले लोप हुन लागेको माटाको भाँडो बनाउने, बाजा बजाउने पेसालाई निरन्तरता दिँदै युवा पुस्तालाई रोजगारीमा जोड्न आवश्यक रहेको सभा सदस्य धनेश्वरी प्रजापतिले बताउनुभयो ।

प्रदेशसभा बैठक जेठ १४ गते बस्ने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको बैठक जेठ १४ गते आइतबार दिउँसो २ बजेलाई बोलाइएको छ । बिहीबार बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले विनियोजित बजेटको सिद्धान्त छलफल सकिएपछि बैठकको समापन गर्दै पुनः बैठक आह्वान गर्नुभएको हो ।

आइतबार बस्ने बैठकमा प्रदेश प्रमुख शर्माले बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुने कार्यसूची रहेको छ । प्रदेश प्रमुख शर्माले प्रदेशसभाका सबै सदस्यलाई औपचारिक पोशाकमा १५ मिनेट अगाबै बैठकमा उपस्थित हुनुपर्ने बताउनुभयो ।

विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता सम्बन्धमा कर प्रस्ताव बाहेकको सैद्धान्तिक छलफलपछि आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिं लामाले बजेट निर्माणमा छुटेका विषय समावेश गरी जाने बताउनुभयो । बजेट निर्माणमा छुटेको पक्ष जोड गरेर लैजाने उहाँले बताउनुभयो ।

बजेट बनाउने क्रममा सिमान्तकृत, पिछडिएका वर्गहरु र अपाङ्गता आजको समयमा प्रमुख विषय भएकाले नीति तथा कार्यक्रममा समावेश हुने गरी प्रि–बजेट ल्याएको बताउनुभयो । प्राथमिकता र सिद्धान्तमा आधारित रहेर बजेट बनाएको उहाँले बताउनुभयो ।

प्रदेशभित्र हुने उत्पादन बजारीकरण गर्ने र दिगो विकासको योजनाको विषय नीति तथा कार्यक्रममा प्रस्तुत गर्ने बताउनुभयो ।

नेपालबाट ढुंगा...

मा जंगलमा अन्न र फलफूल उत्पादनका लागि कार्यक्रम संचालन गरिनेछ, भन्नुहुन्छ । अन्न उत्पादन गरिने हो भने त्यो कसरी जंगल हुन्छ । जंगलभित्र अन्न उत्पादन हुन्छ र ? जहाँसम्म फलफूलको कुरा हो, जंगलमा प्राकृतिक तवरले नै फलफूल हुन्छ नै यसका लागि अतिरिक्त योजना चाहिँदैन । कतै जंगल फाँडेर बसाइँ सार्ने रणनीति त होइन यो कार्यक्रमको ? आफैंमा विवादित पनि छ नीति कार्यक्रम । यसको बुँदा ४७ मा भनिएको छ- 'स्वस्थ पर्यावरणीय जीवनचक्रका लागि घाँसे मैदान र सिमसार क्षेत्रको व्यवस्थापन गरी खतराउन्मुख प्रजातिका वनस्पति र जंगली जनावर संरक्षण गरिनेछ, भनिएको छ । अनि चुरेको उत्खननका कारण त्यहाँका घाँसेमैदान र सिमसार क्षेत्र बच्लान् ? नीति तथा कार्यक्रमको बुँदा ६१ अझ खतराजन्य छ। जसले भनेको छ, ढुंगाको व्यावसायिक उत्खनन र निकासीका लागि कानुनी प्रावधान बनाइने छ। यो गिट्टी ढुंगा बेच्ने कुराको प्रत्यक्ष संकेत हो र सरकारले चुरे नै ताकेको हो भन्ने कतै छिपेको छैन ।

सन् २०४५ सम्ममा नेट जिरो कार्बन उत्सर्जनको कुरा गर्छ बुँदा ९० ले । जसरी सरकारले प्रकृतिमाथिको दोहन, विकास आयोजनालाई खुल्ला ठाउँमा नभएर जंगलतिर सार्ने रणनीति लिएको छ यसले २०४५ सम्म नेट जिरो कार्बनको लक्ष्य प्राप्त गर्न सघाउँछ कि नेपाललाई अझ विनाश उन्मुख गराउँछ ? प्रायोजित विकासवादी बाबुराम भट्टराईद्वारा प्रशिक्षित विकासवादी केही नयाँ राजनीतिक व्यक्तित्वहरु चुरेका डाँडामा शहर बसाउनेसम्मका उनका कल्पना सार्वजनिक गर्दैछन् । नेट जिरोका लक्ष्य हासिल गर्न नेपाल सरकार निकै सावधान हुनुपर्दछ । नत्र यसका अन्य आयामहरुको सामना गर्नुपर्नेछ नेपालले ।

सर्वदलीय संयन्त्रको बैठकको माइन्यूट र प्रेस रिलिजमा आज हस्ताक्षर गरिरहेका नेताहरु सन् २०४५ सम्म जीवित रहन्छन् रहन्नन् ? त्यस समयसम्म जीवित रहन्छन् भन्ने ठानिएका र जीवित रहन्छौं भन्ने आत्मविश्वास भएका नेता तथा सांसदहरुले यी विषयमा ध्यान दिनु आवश्यक छ ।

त्यसकारण माथि नाम लिइएका सांसदहरु यस विषयमा गम्भीर बनुन् भन्ने अपेक्षा गरिएको हो। नक्कली भुटानी शरणार्थी प्रकरणमा नेपालको अन्तर्राष्ट्रिय विश्वसनीयता, राज्यको स्वाधीनता, नागरिकहरुको स्वत्व जस्ता अहं सवालको हुर्मत लिएको यही नेतृत्व नेपालको जैविक, पर्यावरणीय, भौगोलिक अवस्थितिका संवेदनशील आयाम र अवयवलाई विनष्ट गर्न उत्प्रेरित देखिन्छ ।

बीस-तीस वर्षमा देशको इज्जत पुनर्स्थापित त गर्न सकिएला सत्ता र सरकारमा नैतिक मूल्ययुक्त मानिस पुगेको अवस्थामा तर धर्तीको बिग्रिएको स्वरुप पुनः फर्कन सक्ने छैन । विचारणीय पक्ष यो हो । नीति तथा कार्यक्रमको बुँदा १०७ ले प्राकृतिक विपद्बाट विस्थापितहरुलाई सुरक्षित स्थानमा वासस्थानको व्यवस्थापन गरिन्छ भन्छ, कतै यो पनि चुरेका डाँडा हेरेर भनिएको हो कि ? माथि भनिएको छ, कतिपय राजनीतिज्ञका अनुयायीहरु चुरेका डाँडामा बस्ती बसाउने राजनीतिक प्रोपोगाण्डा गर्न थालेका पाइन्छन् ।

कार्यक्रमको बुँदा १११ ले हिमालय संरक्षण अभियान संचालन गर्ने भनेको छ। यो राम्रो हो तर हिमाल संरक्षण गर्न नेपालले प्राथमिकता तय गर्नुपर्ने हुन्छ । हिमालय चुरेमा अडिएको छ । हिमालय र दक्षिणी समथर फाँट बीचको अन्तरसम्बन्ध र वातावरणीय पृथकता चुरेले निर्धारण गरेको हो। चुरे दुवैतर्फको जीवनचक्र निर्धारक पनि हो । पर्यावरणीय जीवनचक्रको महत्वकै कारण प्रकृतिले चुरे निर्माण गरेको हो । यो मानव निर्मित तत्व होइन ।

वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल मानवअधिकार हननका मुद्दा खेपिरहनुभएको छ । कतिपयले यसलाई मानवअधिकार हनन् नभनेर जघन्य हत्याका मुद्दा पनि भनिरहेका छन्। प्रकृति वा पर्यावरणको एउटा चक्र नै समाप्त पार्ने कार्य गर्नुलाई जिनोसाइड वा होमिसाइड सरह अपराध मानिनुपर्छ भन्ने मत बढिरहेको छ । संयुक्त राष्ट्रसंघमा अन्तर्राष्ट्रिय इकोसाइड कानुन निर्माणका कुरा उठिरहेका छन्। संसारमा पूँजीवादी र समाजवादीहरु जसरी प्रकृति सर्वनाश गर्न उद्यत छन्, त्यति नै इकोसाइड कानुनको शीघ्र आवश्यकता पुष्टि हुँदै जाने हो ।

अवश्य नै अन्तर्राष्ट्रिय इकोसाइड कानुन भूतदर्शी नै हुनेछ । किनकि आज गरिएको प्रकृति विनाशको प्रभाव अरु कैयौं शताब्दीसम्म रहनेछ । प्रधानमन्त्री पुष्पकमल दाहाललाई मेरो अनुरोध छ, प्रकृति सर्वनाशको अर्को मुद्दा पनि तपाइँ आफ्ना थाप्लामा किन लिनुहुन्छ ? मगजमा पैसा फलाउने ठानिएको विकासको जुनून सवार भएका नेपालीले पनि बुझ्नु जरुरी छ, देउवा, ओली, प्रचण्डहरुको आयु पछि नेपाली सभ्यता र मान्छे एकैपटक सकिने हुन् वा बाँचिरहन्छन् ?

यी नेताहरुको मृत्युपछि सारा नेपाली एकैपटक मृत्युवरण गर्ने हुन् ? उहाँहरुको महापरिनिर्वाण पछि हामी कोही पनि र हन्नौं भने चुरे पनि भत्काउँ, सगरमाथा पनि बेचौं, सबै नदीनाला हजार वर्षको सम्झौता गरेर कसैलाई दिऊँ । तर, जब यी प्रिय व्यक्तित्वहरुको देहबाट आत्मा निस्किने छ, हामी पनि सबै तुलसाको मोठमा गएर सुतौं । होइन भने सीमित मानिसको आमोदप्रमोदका लागि नेपाल किन उजाड पार्ने ?

मधेश तराईका लाखौं मानिसको जीविकोपार्जन र जीवनचक्र संचालनका नैसर्गिक भौगोलिक इकाइहरुलाई किन तहसनहस पार्ने ? मधेश तराईमा पानी पुनर्स्थापनाको परिकल्पना नगर्ने सरकार भइरहेको पानीको स्रोत छिन्नभिन्न पार्न उद्यत छ । यो प्रकृति मानव निर्मित होइन । मार्क्सवादको पाठ्यपुस्तकका अवधारणा अनुसार प्रकृति बनेको होइन। नेता, कार्यकर्ता हामी सर्वसाधारण नेपाली यिनै जंगलहरुबाट निःसृत अक्सिजन लिएर, यहींको पानी पिएर, यिनै झार जंगल र वनस्पति खाएर प्रकृतिको नियम मुताविक बाँचिरहेका हौं । त्यस्तै हाम्रो आयु मार्क्सवाद, पूँजीवाद वा उदारवादले निर्धारण गरेको होइन । करोडौं वर्षको अन्तरालमा चुरे र मान्छेका बीच सम्यक् सम्बन्ध स्थापित हुँदै आजको स्वरुपमा हामी आइपुगेका हौं । मान्छेको उद्विकासलाई चुरेको उद्विकासले सहयोग पुऱ्याएको हो। र, उद्विकास जारी रहन्छ,। प्रकृतिसँगको अन्तरनिर्भरता नै मानव सभ्यताको वैशिष्ट्य हो । उद्विकासको जटिल प्रक्रियाहरुलाई असन्तुलित पार्ने धृष्टता सरकारको क्षेत्राधिकार होइन ।

(स्रोत: अनलाईनखबर)

मकवानपुर बालविद्या सदन

हेटौंडा-१८, खड्कुले

गुरु

निश्चल वाइबा

गुरु नै हुन् वेद हाम्रो
गुरु नै हुन् हाम्रो पुराण

गुरुको अघि झुक्छ शिर
श्रद्धापूर्वक गर्छौं सम्मान

सबै प्राणी एकै हुन् भन्ने
गुरुको हामीलाई एउटै ज्ञान

शिष्यहरुको भलो चिताउने
गुरुको हुन्छ एउटै ध्यान
कक्षा-६

संसार हाम्रो फूलबारी

समिर लामिछाने

धर्तिका हामी धरोहर
मानिस सबै बरोबर
कोहि छैन सुजाति
कोहि छैन कुजाति

हातमा हात समाती
मिलेर खेलौ ए साथी
धर्ति हाम्रो खेल्ने ठाउँ
हामी सबै एकै हौ

धर्ति हाम्रो धरोहर
मानिस सबै बरोबर
दिदिबहिनी दाजुभाइ
मिलेर हसाउँ सबैलाई

हेपेर व्यवहार नगरौ
अपाङ्ग र दुःखीलाई
धर्ति हामी सबैको घर
मानिस सबै बरोबर

लेक, बेसी, बगर
सागरदेखि सगर
धर्ति हाम्रो खेल्ने ठाउँ
मानिस सबै एकै हौ ।

कक्षा-४

एक टन गाँजा छाडेर भागेका ईमान २५ वर्षपछि पक्राउ

समाज संवाददाता

हेटौंडाः २५ वर्षअघि एक टन गाँजा छाडेर भागेका मकवानपुरको राक्सिराङ गाउँपालिकाको सरिखेतका ईमान सिं वाईबालाई प्रहरीले पक्राउ गरेको छ। २०५५ साल असार ३१ गतेका दिन बिहान ४ बजेर १० मिनेटको समयमा मकवानपुरको साविक मनहरी गाविस-८, खरंगा राप्तीखोला नजिक ४१ वटा बोरामा एक हजार पाँच केजी लागुऔषध गाँजा छाडेर ईमान फरार भएका थिए । बरामद भएको गाँजा नियन्त्रणमा लिए पनि प्रहरीले ईमानलाई पक्राउ गर्न सकेको थिएन। प्रहरीले बुधबार राती ८ बजेको समयमा मनहरी बजारबाट ईमानलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभएको छ । बिहिबार ईमानलाई मकवानपुर जिल्ला अदालत पेश गरी ७ दिनको म्याद लिई थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

खोला किनारामा शिशुको शव फेला

समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका–७, पूण्यमाता खोलामा एक शिशुको शव फेला परेको छ। बुधबार उग्रेश्वरघाट खोला किनारामा अन्दाजी ५ महिनाको जस्तो देखिने बालिका शिशुको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शिशुको सालनालसहितको शवलाई कुकुरले टाउकोको भाग खाँदै गरेको अवस्थामा फेला परेको थियो । अनुसन्धानपश्चात् शव पोष्टमार्टका लागि धुलिखेल अस्पतालमा लगिएको प्रहरीले जनाएको छ ।

खोलामा डुबेर प्रजाको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवनको माडी नगरपालिका–९ स्थित खोलामा डुबेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही स्थानका ५५ वर्षीय बलराम प्रजा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । प्रजा मंगलबार साँझ कुसुम खोलामा नुहाउन गएकोमा घर नआएपछि खोजतलास गर्दा बुधबार बेलुका ८ बजेको समयमा सोही खोलामा मृत फेला परेका थिए ।

सुनकोशी नदिमा वृद्धा मृत फेला

समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिका-१०, बरकोटकोमा सुनकोशी नदिको किनारमा एकजना वृद्धाको शव फेला परेको छ। शव सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोक नगरपालिका-६ बस्ने ७५ वर्षीया ईन्द्र कुमारी थापा मगर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। मगर गत बुधबार घरबाट आफु खुशी हिँडेकी थिइन् । मंगलबार दिउँसो २ बजेको समयमा सुनकोशी नदिको किनारमा वृद्धा मृत फेला परेको प्रहरीले जनाएको छ। शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

श्री सरस्वती बालबोधिनी माध्यमिक विद्यालय
ईन्द्रसरोबर गाउँपालिका–१, मकवानपुर

शिक्षक आवश्यकता

सूचना प्रकाशित मितिः २०८०/२/९ गते

प्रस्तुत विषयमा इन्द्रसरोवर गाउँपालिका शिक्षा शाखा कुलेखानी मकवानपुरको च.न. १३५२ मिति २०८०/०२/०८ को प्राप्त शिक्षक पदपुर्ति अनुमतिपत्र तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०२/०७ गतेको वैठकको निर्णय अनुसार यस विद्यालयमा मा.शि.तृतीय राहत (करार) विज्ञान विषयको शिक्षक आवश्यक भएकोले तपशिलका योग्यता पुगेका ईच्छुक योग्य नेपाली नागरिकहरुबाट सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्रमा रीतपुर्वकको दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । रीत नपुगी र म्याद नाघी पर्न आएको आवेदन उपर कुनै कारवाही हुने छैन ।

तपशिल

○ विज्ञापन नं : ०४/२०७९/२०८०
○ पदसंख्या : १(एक) ।
○ पद : शिक्षक ।
○ तह : मा. वि.(राहत) ।
○ विषय : विज्ञान ।
○ उमेर : २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
○ शैक्षिक योग्यता : मुल विषय विज्ञान लिई स्नातक वा सो सरह उतीर्ण ।
○ तलब स्केल : नेपाल सरकारको प्रचलित नियम अनुसार ।
○ आवेदन दस्तुर : २,०००/- (दुई हजार रुपैंया मात्र) ।
○ परीक्षाको किसिम : शिक्षा सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार लिखित र मौखिक ।
○ दरखास्त दिने अन्तिम मिति : २०८०/०२/२३ गते विद्यालय समय भित्र ।
○ सम्पर्क मिति : २०८०/०२/२४ गते ।

आवश्यक कागजातहरु

○ हस्तलिखित निवेदन ।
○ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि २/२ थान ।
○ शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि २/२ थान ।
○ शिक्षण अध्यापन अनुमतिपत्रको प्रतिलिपि २/२ थान ।

थप जानकारीको लागि सम्पर्क :
९८४५२९०२७३, ९८५५०८९२७३, ९८५५०३०७६५

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

पुरुष फुटबलः मकवानपुर र काठमाडौंबीच उपाधि भिडन्त

म्यान अफ द म्याच मकवानपुरका प्रितम स्याङ्बोलाई ट्रफी प्रदान गर्नुहुँदै बागमती प्रदेश सभा सदस्य प्रेमबहादुर पुलामी ।

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष फुटबलमा उपाधिका लागि मकवानपुर र काठमाडौंबीच भिडन्त हुने भएको छ । फाइनल खेल भोलि शनिबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुनेछ । बिहिबार भएको सेमीफाइनल खेलमा डिफेण्डिङ च्याम्पियन मकवानपुरले काभ्रेलाई पराजित गर्दै फाइनल यात्रा तय गर्दा काठमाडौंले ललितपुरलाई पराजित गरेर फाइनल प्रवेश गरेको हो ।

सेमीफाइनलमा मकवानपुरले काभ्रेलाई सहजै पराजित गऱ्यो। मकवानपुरले काभ्रेलाई ३-० गोलअन्तरले पराजित गरेको हो। मकवानपुरको जितमा कप्तान प्रितम स्याङ्बोले २ गोल गरे भने अर्को एक गोल अभिषेक लामाले गरे । पहिलो हाफको नवौं र ३१ औं मिनेटमा प्रितमले दुई गोल गरे भने अभिषेकले पहिलो हाफको इन्जुरी समयमा एक गोल गर्दै टिमलाई सहज जित उन्मुख गराएका थिए। प्रितम म्यान अफ द म्याच घोषित भए ।

सेमीफाइनलमा ललितपुरलाई १-० गोलअन्तरले पराजित गर्दै काठमाडौं फाइनलमा प्रवेश गरेको हो। काठमाडौंका लागि कब्बु कन्दङ्वाले ५०औं मिनेटमा निर्णायक गोल गरे। कन्दङ्वा म्यान अफ द म्याच घोषित भए ।

बागमती प्रदेश खेलकुद-२०८०

सोहन र पेमा उत्कृष्ट बक्सर

समाज संवाददाता

हेटौँडाः मकवानपुरका सोहन राई र काभ्रेकी पेमा लामा जारी दोस्रो बागमती प्रदेश खेलकुद प्रतियोगितामा उत्कृष्ट बक्सर घोषित भएका छन् ।

हेटौंडा-४ स्थित कभर्डहलमा बुधबार सम्पन्न बक्सिङ प्रतियोगितामा पुरुष ६३ केजी तौल समूहमा स्वर्ण विजेता सोहन र महिला ५७ केजीमा स्वर्ण विजेता पेमा उत्कृष्ट बक्सर भएकी हुन् । सोहनले फाइनलमा सिन्धुपाल्चोकका प्रज्वल श्रेष्ठलाई ५-० ले हराए । पेमाले भने फाइनलमा चितवनकी नतिसा थापामगरलाई ५-० ले नै हराइन् । बक्सिङमा काभ्रे ७ स्वर्ण, २ रजत र २ कांस्यसाथ टिम च्याम्पियन बन्यो। समान ३-३ स्वर्ण, रजत र कांस्यसाथ काठमाडौं दोस्रो भयो। तेश्रो स्थानमा चित्त बुझाएको भक्तपुरले ३ स्वर्ण हात पाऱ्यो ।

पुरुष ४८ केजीमुनि काभ्रेका लक्ष्मण राईले स्वर्ण र ललितपुरका प्रकाश कठायतले रजत पदक जिते । पुरुष ५१ केजीमुनि काभ्रेका लालप्रसाद उप्रेती र ५४ केजीमा काठमाडौंका मदनकृष्ण डंगोलले स्वर्ण जिते । फाइनलमा लालप्रसादले मकवानपुरका शशी विक र मदनले काभ्रेका सुलभ डंगोललाई समान ५-० ले हराए। ५७ केजीमा नुवाकोटका निरन्जन मोक्तानले फाइनलमा ललितपुरका रोशन आछामीलाई ३-२ ले हराउँदै स्वर्ण जिते । ६० केजी तौल समूहमा ललितपुरका सागर दर्जी र ६७ केजीमा ललितपुरकै विकास रानामगरले मकवानपुरका अनिष मुलामीलाई अंकका आधार हराउँदै स्वर्ण जिते ।

पुरुषको ६७ केजी तौल समूहमा सिन्धुपाल्चोकका चन्द्रबहादुर तामाङलाई ५-० ले हराउँदै स्वर्ण जिते। ७५ केजीमा काठमाडौंका अश्विनधीरण श्रेष्ठले फाइनलमा नुवाकोटका आशिष पुडासैनी र ८० केजीमा सिन्धुपाल्चोकका निश्चल विष्टले सबिन महतलाई हराउँदै स्वर्ण पदक प्राप्त गरे। ८६ केजी तौल समूहमा भक्तपुरका विजय बाटाले काठमाडौंका आयुष अधिकारीलाई हराउँदै स्वर्ण जिते। ९२ केजीमाथि काठमाडौंका सन्जोक गुरुङले पहिलो राउण्डमा नै काठमाडौंका शुभम पाठकलाई हराउँदै स्वर्ण आफ्नो बनाए ।

महिलातर्फ ४८ केजीमा सिन्धुलीका रमिशा श्रेष्ठले फाइनलमा काभ्रेका पूर्णिमा तामाङ र ५० केजीमाथि भक्तपुरकी अस्मिता दुवालले काठमाडौंकी उर्वशी श्रेष्ठलाई हराउँदै स्वर्ण पदक प्राप्त गरिन्। महिलाकै ५२ केजीमा भक्तपुरकी भावना भण्डारीलाई र ५४ केजीमा काभ्रेकी एलिना गर्बुजालाई हराउँदै स्वर्ण पदक आफ्नो बनाए । ६० केजीमा नुवाकोटकी रक्षा जिसीले फाइनलमा चितवनकी जस्मिन गुरुङलाई पहिलो राउण्डमा नै हराउँदै स्वर्ण आफ्नो बनाइन्। ६३ केजीमा काभ्रेकी जिबिका थापा र ६६ केजीमा काभ्रेकै प्रतिशा राईले स्वर्ण पदक प्राप्त गरे। फाइनलमा जिबिकाले काठमाडौंकी सन्जना पुजारी र प्रतिशाले चितवनका तृष्णा गुरुङलाई हराइन्। महिलाकै ७५ केजीमा काभ्रेकी शीला महर्जनले फाइनलमा चितवनकी तनिशा महर्जनलाई हराउँदै स्वर्ण पदक प्राप्त गरिन्।

विजेता खेलाडीलाई बागमती प्रदेश खेलकुद परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारी, प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशका कार्यालय प्रमुख देवनारायण चौधरी, प्रतियोगिता संयोजक एवम् नेपाल बक्सिङ संघका सदस्य मानबहादुर भण्डारी, प्रदेश खेलकुद विकास परिषद्, बागमतीप्रदेशका सदस्य धनकुमार मैनाली, आईटीओ तथा टेक्निकल डेलिगेट पुस्कर्रराज पन्त, बक्सिङका पूर्व प्रमुख प्रशिक्षक प्रकाश थापा मगर लगायतले पुरस्कृत गरे ।

जुडोमा...

प्रतियोगिताको अन्तिम दिन महिला ७० केजीमा रामेछापकी रन्जना खड्का, ७८ केजी मुनि मकवानपुरकी एलिसा गोले र ७८ केजी माथि मकवानपुरकी अस्मिता गोलेले स्वर्ण चुमे। पुरुषको ८१ केजी मुनि काभ्रेका मनोज आचार्य, ९० केजी मुनि नुवाकोटका रामभक्त तामाङ, १०० केजी मुनि काभ्रेका आकाश आले मगर र १०० केजी माथि काठमाडौंका वसिस्ट महर्जन शीर्षस्थानमा रहे। दुईदिने प्रतियोगितामा ९ जिल्लाका ५७ खेलाडी सहभागी थिए।

महिलालाई सवारी चालक तालिम

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका ११ नम्बर वडा कार्यालयले महिलाका लागि हलुका सवारी चालक तालिम सञ्चालन गरेको छ । बिहिबार एक कार्यक्रमका बीच तालिमको सुरुवात गरेको हो । १५ दिनको हलुका सवारी चालक तालिममा विपन्न, दलित, सीमान्तकृत, एकल महिलालाई सहभागी गराइएको छ ।

हलुका सवारी चालक तालिम लिएर स्वरोजगार हुने अवसर प्रदान गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको वडा कार्यालयले जनाएको छ। तालिमको प्राविधिक सहयोग स्थानीय पायोनियर मल्टिपर्पस ड्राइभिङ सेन्टरले गर्नेछ । तालिमको उद्घाटन कार्यक्रममा वडाअध्यक्ष जुना दाहाल, वडासदस्य सञ्जय विडारी, विकास नेपाल, गोपिनी सपाकोटा र टोल विकास संस्था वडा समन्वय समितिका अध्यक्ष यज्ञबहादुर आचार्यको उपस्थिति रहेको थियो ।

२५ कविता छनौट

समाज संवाददाता

हेटौँडाः हेटौँडा स्कूल अफ म्यानेजमेन्टमा आज शुक्रबार आयोजना हुने कविता प्रतियोगिताका लागि २५ कविता छनौट भएको छ। मातृतीर्थ औंसीको सन्दर्भमा म्यानेजमेन्टले माध्यमिक विद्यालयस्तरीय (कक्षा ९–१२) कविता वाचन र निबन्ध प्रतियोगिता आयोजना गरेको थियो। उक्त प्रतियोगिताअन्तर्गत् कविता वाचनका लागि २५ कविता छनौट भएको हो ।

बुधबार निर्णायक मण्डलको प्रारम्भीक छनौटबाट २५ कविका कविता वाचनका लागि छनौट भएको हो । ३७ कवितामध्ये २५ कविता छनौट भएको हेटौँडा स्कूल अफ म्यानेजमेन्ट नेपाली विभाग प्रमुख देवराज तिवारीले जानकारी दिनुभयो । जीएस निकेतनका समर्पण न्यौपाने, दृशिका कँडेल, आदर्श पौडेल र अजय बर्तौलाका कविता छनौट भएका छन् । मकवानपुर बहुमुखी क्याम्पसका रियाज कार्कीको कविता छनौट भएको छ । हेटौँडा स्कूल अफ म्यानेजमेन्टकी रोशनी चौलागाई, इलिसा पराजुली, सरोजप्रसाद साह, रजनिशकुमार साह, हरिशरण पौडेल, प्रमिस रानाभाट, विधान निरौला, रीति फुयाँल, रुकैया खातुन र प्रसिद्धि बखेलका कविता छनौट भएका छन् । पालुङ आवासीय माविका हिमाल उप्रेती, पुनम भुजेल, अंकिता विष्ट र विद्या सिन्तानका कविता छनौट भएका छन् ।

यसैगरी, ब्रह्मदिक् एकेडेमीका रौनक शाह, चन्द्रोदय माविका विद्या घिमिरे, नवोदय शिशु सदनका अनुषा उप्रेती र तासिर आवासीय माविका रिभा न्यौपानेको कविता छनौट भएको छ । हेटौँडा एकेडेमीका बिबिका पराजुली, बालजागृति इङ्गलिस बोर्डिङ स्कूलका आयुषा श्रेष्ठको कविता छनौट भएको छ । निबन्ध भने भौतिकरुपमा उपस्थित भएर लेखिने बताइएको छ ।

कविता प्रतियोगिताका प्रतियोगीहरुले आमा शीर्षकको कविता वाचन गर्नेछन् भने निबन्धका प्रतियोगीहरुले आमा शीर्षकमा निबन्ध लेख्नेछन्। प्रथम, द्वितीय, तृतीय र सान्त्वना २ जनालाई क्रमशः १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ, ८ हजार रुपैयाँ र ५/५ हजार रुपैयाँ पुरस्कार रहेको छ ।

रग्बीलाई उपमहानगरको सहयोग

रग्बी खेल सामग्री हस्तान्तरण गर्नुहुँदै नगर प्रमुख मीना कुमारी लामा ।

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश खेलकुद प्रतियोगितामा सहभागी हुने मकवानपुर जिल्लाको रग्बी टिमलाई हेटौँडा उपमहानगरपालिकाले खेल सामग्री हस्तान्तरण गरेको छ। बुधबार नगर प्रमुख मीना कुमारी लामाले खेल सामग्री हस्तान्तरण गर्नुभएको हो ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीको उपस्थितिमा नगर प्रमुख लामाले मकवानपुर रग्बी टिमका कप्तान विक्रम भारतीलाई २४ सेट जर्सी, बुट, जुराफ, निगार्ड र ५ थान रग्बी बल हस्तान्तरण गर्नुभयो। उपमहानगरले एक लाख रुपैयाँ बराबरको सहयोग प्रदान गरेको हो । मकवानपुर जिल्लाले दोस्रो प्रदेश खेलकुदमा रग्बीतर्फ महिला र पुरुष दुवै टिममा सहभागिता जनाउँदैछ। रग्बी खेल आज शुक्रबार हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुँदैछ ।

रग्बीमा पुरुषतर्फ मकवानपुरसहित भक्तपुर, ललितपुर, काठमाडौं, रामेछाप, नुवाकोट, चितवन र काभ्रे जिल्ला सहभागी हुँदैछ। यस्तै महिलातर्फ मकवानपुरसहित काठमाडौं, ललितपुर, नुवाकोट र चितवन जिल्ला सहभागी हुँदैछ। ७ जनाको टिममा सहभागी हुने रग्बी १४ मिनेट खेलाइन्छ । रग्बी खेलमा मकवानपुर जिल्ला यसअघि बागमती प्रदेश च्याम्पियन हो भने पुरुषतर्फ यु-२० मा राष्ट्रिय प्रतियोगितामा उपविजेता बनेको थियो। प्रशिक्षकको भूमिकामा समेत क्रियाशील मकवानपुरका कप्तान बिक्रम भारती महिला र पुरुष दुवैतर्फ मकवानपुरको सशक्त प्रदर्शन रहने बताउनुहुन्छ।

साहित्य संगमलाई सेनेटरी भेन्डिङ मेसिन सहयोग

समाज संवाददाता

हेटौँडाः सहयोगी मन नेपालले साहित्य संगम मकवानपुरलाई सेनेटरी प्याड भेन्डिङ मेसिन सहयोग गरेको छ। हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाको विशिष्ट उपस्थितिमा संगमकी अध्यक्ष अनिता न्यौपानेलाई बिहीबार मेसिन हस्तान्तरण गरिएको हो ।

महिला साहित्यकारलाई कुनैपनि कार्यक्रममा सहज वातावरणमा उपस्थिति हुन सहयोग पुग्ने न्यौपानेले बताउनुभयो । आर्थिक मन्दीले सबैसँग पैसा हुँदैन र कहिलेकाहीँ पसल बन्द भएको अवस्थामा मेसिनबाट सहजरुपमा सेनेटरी प्याड लिन सकिनेछ ।

मेसिनमा राखिएको शिशाबाट प्याड छ कि छैन देखिने र सिक्का खसालेर प्याड निकाल्न सकिने बताइएको छ ।

स्वादिष्ट नेवारी खाजा

अब

होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय मकवानपुर
हेटौंडा, नेपाल

डेंगु रोग नियन्त्रणका लागि सम्बन्धित सबैमा स्वास्थ्य कार्यालय मकवानपुरको जरुरी सूचना:

- डेगू रोग एडिज एजिप्टाई जातको संक्रमित लामखुट्टेको टोकाईबाट सर्ने भएकोले यसबाट बच्नको लागि घर बाहिर निस्कदा लामो बाउला भएको कपडा लगाउने र सम्भव भएसम्म दिउँसो सुत्दा पनि झूलको प्रयोग गर्ने साथै बालबालिकालाई जुनसुकै समय पनि झुल्भित्र सुताउने ।
- लामखुट्टेको बृद्धि विकासलाई नियन्त्रण गर्न आफ्नो घर वरिपरि सफासुग्घर राख्ने, घर वरिपरि भएका पानी जम्न खाल्टाखुल्टीहरु पुर्ने ।
- जथाभावी फालिएका फोहरहरु बोतल, टायर, भाँडाकुँडा, गमलाका साथै नछोपिएका पानीट्यांकीमा फुल पारेर लामखुट्टेले बच्चा उत्पादन गर्ने भएकाले यस्ता फोहरहरुलाई खाल्टोमा राखी माटोले पुर्ने ।
- झ्याल ढोकामा जाली लगाउने र खुल्ला नराख्ने ।
- व्यक्तिगत बचावटका लागि लामखुट्टे नाशक मलहमको प्रयोग गर्ने ।
- ज्वरो आउने, जीउ दुख्ने, जोर्नी तथा ढाइहरू बेस्सरी दुख्ने, वाकवाक लाग्ने, बान्ता हुने खान मन नलाग्ने जस्ता लक्षणहरू देखा परेमा तुरुन्त नजिकको स्वास्थ्य संस्था वा अस्पतालमा सम्पर्क गर्ने ।

मूख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रमसम्बन्धी सूचना

नसर्ने रोगको समयमा नै पहिचान, रोकथाम, उपचार र त्यसबाट हुने जटिलतालाई न्यूनीकरण गर्न स्वास्थ्य परीक्षण गर्ने र आवश्यक सल्लाह सुझाव तथा सेवा उपलब्ध गराउने तथा नसर्ने रोग रोकथाम सम्बन्धी समुदायस्तरमा चेतना अभिवृद्धि गरी रोगको जोखिम न्यूनीकरण गर्ने उद्धेश्यले बागमती प्रदेशमा मूख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम लागु गरिएको छ ।

गरिब, विपन्न, लोपोन्मुख तथा अल्पसंख्यक जाति, सहीद तथा बेपत्ता परिवार र सशस्त्र द्वन्दका घाइते व्यक्ति, महिला स्वास्थ्य स्वयंसेविका र लोकतान्त्रिक आन्दोलनका घाइते व्यक्तिलाई यस कार्यक्रमअन्तर्गत तोकिएको सेवामा नि:शुल्क उपचारको व्यवस्था गरिएको छ ।

बाँकी अन्य सर्वसाधारणको लागि यस कार्यक्रमअन्तर्गत तोकिएको सेवामा २५ प्रतिशत छुटको व्यवस्था गरिएको छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ